बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

बीमा समिति-२०४९ Insurance Board-1992

परिपत्र नं. ५

बी.स. २६ (२०७७/०७८) च.नं. ६५९

मिति: २०७७/०५/०८

**श्री ईजाजतपत्र प्राप्त सबै निर्जीवन बीमा कम्पनीहरु,**

विषय: **सम्पत्ति बीमा अन्तर्गत बीमा दरलाई संशोधन गर्ने तथा कोभिड-१९ का कारण बन्द अवस्थामा रहेका उद्योग प्रतिष्ठानको जोखिम समूहको बीमा दरमा छुट गर्ने सम्बन्धमा।**

समितिबाट जारी गरिएको सम्पत्ति बीमा निर्देशिका, २०७५ को अनुसूची ११ को १६९ बुँदामा बन्द अवस्थाको कारखाना (Closed Factory) बीमा दरलाई देहाय बमोजिम संशोधन गरिएकोले सोही अनुसार गर्न गराउनुहुन यो निर्देशन जारी गरिएको छ।

| **हाल कायम रहेको व्यवस्था :** | **परिमार्जित व्यवस्था :** |
|---|---|
| बन्द अवस्थाको कारखाना (Closed Factory) को बीमा दर रु ३ प्रतिहजार कायम रहेको। | बन्द अवस्थाको जोखिम (Silent Risk) हाल कायम रहेको सम्बन्धित बीमा दरको एक तिहाई कायम गर्ने। |

साथै, आर्थिक वर्ष २०७७/०७८ को नेपाल सरकारको बजेट वक्तव्यमा उल्लेख भए अनुसार कोभिड- १९ को कारण बन्द भएका उद्योगहरुको हकमा बन्द अवस्थाको जोखिम (Silent Risk) को लागि एक तिहाई तथा जोखिम समुह (RSD/MD/ST) को बीमा दर ५० प्रतिशत समानुपातिक रुपले छुट प्रदान गर्ने। उपर्युक्त बमोजिमको छुट जम्मा ८३ दिनको लागि कायम गर्ने। साथै, यातायातको साधनको हकमा मिति २०७७/०२/३२ मा समितिबाट जारी परिपत्र नं. २९ बमोजिम गर्ने।

**(राजु रमण पौडेल)**
कार्यकारी निर्देशक

**बोधार्थ:**

श्रीमान् अध्यक्षज्यूको सचिवालय, बीमा समिति।

पो.ब.नं. २१७२, कुपण्डोल-१०, ललितपुर, नेपाल, फोन: ०१-५५२१०७९, ५५३८७४३, फ्याक्स: ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Kupandole-10, Lalitpur, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
URL: www.bsib.org.np, E-mail: bsib@wlink.com.np, info@bsib.org.np